# खोप तथा प्रतिरक्षण सञ्जाल इन्टरफेस (VINI)

## COVID-19 खोप लगाउने अपोइन्टमेन्टको लागि कसरी दर्ता र निर्धारण गर्ने


यो सुझाव पाना न्यू ह्याम्पशायरका निवासीहरूलाई न्यू ह्याम्पशायर खोप तथा प्रतिरक्षण सञ्जाल इन्टरफेस (VINI) मा COVID-19 खोप अपोइन्टमेन्टहरूको लागि निर्धारण गर्न सहयोग पुऱ्याउनको लागि हो यो निर्देशिकाले स्क्रिनिङ, दर्ता र चरणहरू निर्धारण गर्ने प्रक्रियामा सावधानीपूर्वक मार्गदर्शन गर्छ।




## परीक्षण तथा दर्ता

तपाईंले www.vaccines.nh.gov मा भिजिट गरेर र "*के म योग्य छु?*" मा क्लिक गरेर खोपको हालको चरणको लागि आफ्नो योग्यतालाई जाँच गर्न सक्नुहुन्छ वा तपाईं VINI खाता दर्ता गर्नको लागि दर्ता प्रक्रियाको भागको रूपमा परीक्षण गर्न र "*अहिले दर्ता गर्नुहोस्*" मा सिधै नेभिगेट गर्न सक्नुहुन्छ।

- **परीक्षण:** तपाईं खोप लगाउनको लागि योग्य हुनुभएको चरणलाई निर्धारण गर्न यस खण्डमा तपाईंको उमेर, पेशा र चिकित्सा अवस्थाको बारेमा रहेका प्रश्नहरू समावेश हुन्छन्।
- **चिकित्सा स्वीकृति**: यदि तपाईं हालको चरणमा योग्य हुनुहुन्छ भने, तपाईंलाई चिकित्सा स्वीकृतिसम्बन्धी प्रश्नहरूमा लगिन्छ।
  - यस खण्डमा गम्भीर एलर्जिक प्रतिक्रियाहरू, एन्टीबडी थेरापी, हालको खोप प्रशासन, सुस्त मनस्थिति भएको अवस्थाहरू र गर्भवतीको बारेमा रहेका प्रश्नहरू समावेश हुन्छन्। तपाईंले यी प्रश्नहरूको जवाफ दिएपछि, तपाईंलाई गम्भीर एलर्जिक प्रतिक्रियाहरू नभएसम्म वा पहिला आफ्नो चिकित्सकसँग छलफल गर्न नचाहँदासम्म, तपाईं पूर्व-दर्ता खण्डमा अगाडि जानुहुनेछ।
- **दर्ता**: प्रक्रियाको यस चरणमा, तपाईंको व्यक्तिगत जानकारी प्रविष्ट गर्न तपाईंलाई अनुरोध गरिनेछ, जसले VINI मा तपाईंको प्रोफाइल सिर्जना गर्न मद्दत गर्दछ।
  - यस जानकारीमा नाम, जन्म मिति, लिङ्ग, जाति, जातीयता, ठेगाना, चिकित्सा सम्बन्धी जानकारी र बीमा (वैकल्पिक) समावेश हुन्छन्। तपाईंले सबै अनिवार्य क्षेत्रहरूलाई पूरा गरिसकेपछि, **पेश गर्नुहोस्** मा क्लिक गर्नुहोस्।
- **इमेल स्वीकृति**: दर्ता गरिसकेपछि, तपाईंले आफ्नो VINI खाता सक्रिय बनाउनको लागि लिङ्कका साथ इमेल प्रमाणीकरण प्राप्त गर्नुहुनेछ। noreply_NHVMS@notices.nh.gov बाट इमेल आउनेछ। यदि तपाईंले 10 मिनेट भित्रमा इमेल प्राप्त गर्नुहुँदैन भने, कृपया तपाईंको स्प्याम फोल्डर जाँच गर्नुहोस् वा 2-1-1 मा कल गर्नुहोस्।
  - इमेलमा, VINI प्रविष्ट गर्नको लागि **सक्रिय गर्नुहोस्** मा क्लिक गर्नुहोस्, जहाँ तपाईंले आफ्नो खाता पहुँच गर्न पासवर्ड सिर्जना गर्नुहुनेछ।
  - तपाईंको खाताको लागि पासवर्ड सिर्जना गर्नुहोस् र आफ्नो COVID- 19 को खोप लगाउने अपोइन्टमेन्ट निर्धारण गर्नको लागि अगाडि बढ्नुहोस्। तपाईंको खाता सिर्जना गर्ने लिङ्कको **समयावधि 24 घण्टापछि समाप्त हुनेछ**, त्यसैले कृपया तपाईंको प्रारम्भिक इमेल प्राप्त भएपछि सक्दो छिटो आफ्नो खाता सिर्जना गर्नुहोस्। तपाईं आफ्नो खाता सक्रिय गर्नको लागि योग्य हुनुभन्दा अगाडि तपाईंको लिङ्कको म्याद समाप्त भएमा, कृपया आफ्नो पासवर्ड पुन: सेट गर्नको लागि 2-1-1 मा कल गर्नुहोस्।



# खोप तथा प्रतिरक्षण सञ्चाल इन्टरफेस (VINI)

## COVID-19 खोप लगाउने अपोइन्टमेन्टको लागि कसरी दर्ता र निर्धारण गर्ने

## अपोइन्टमेन्ट निर्धारण गर्ने


तपाईंले आफ्नो पासवर्ड र खाता सिर्जना गरिसकेपछि, तपाईंले VINI को स्वागत पृष्ठ देख्नुहुनेछ। COVID-19 को खोप लगाउने अपोइन्टमेन्ट निर्धारण गर्नको लागि, तलको निर्देशनहरूलाई पालना गर्नुहोस्।




**घरका सदस्यको अपोइन्टमेन्ट निर्धारण गर्ने (आवश्यक परेमा)**

- ➢ यदि उनीहरू खुला चरणहरू मध्ये कुनैमा पनि योग्य भएमा, तपाईंलाई आफ्नो अपोइन्टमेन्टमा घरको एकजना (1) सदस्यलाई ल्याउन अनुमति दिइन्छ। तपाईंको अपोइन्टमेन्ट निर्धारण गर्नु अघि आफ्नो परिवारको सदस्यलाई दर्ता गर्नुहोस्। VINI **गृह** पृष्ठ मा **परिवारको सदस्यलाई** थप्नुहोस् मा क्लिक गर्नुहोस् र त्यसपछि **परिवारको सदस्यहरू थप्नुहोस्** मा क्लिक गर्नुहोस्। तपाईंलाई तपाईंको घरायसी सदस्यको लागि परीक्षण र दर्ता प्रक्रियाको माध्यमबाट ल्याइनेछ। तपाईंको घरायसी सदस्यलाई दर्ता गरिसकेपछि, तिनीहरू तपाईंलाई तपाईंको अपोइन्टमेन्टमा साथ दिनको लागि योग्य हुनेछन्।
    - ○ **नोट**: यदि तपाईंले यस प्रक्रियाको माध्यमबाट आफ्नो घरायसी सदस्यलाई दर्ता गरेमा, सबै सञ्चारहरूलाई VINI मा खाता दर्ता गरिने इमेल ठेगानामा पठाइनेछ। यदि तपाईंको घरायसी सदस्यले उनीहरूको COVID-19 खोप लगाउने अपोइन्टमेन्ट आफैले व्यवस्थित गर्न र प्रत्यक्ष सञ्चारहरू प्राप्त गर्न चाहेमा, कृपया उनीहरूलाई एउटा पहिलेनै प्रयोग गरिएको भिन्नबाट इमेल ठेगानाको प्रयोग गरेर परीक्षण र दर्ता प्रक्रियालाई स्वतन्त्र रूपमा पूरा गर्न निर्देशित गर्नुहोस्।

**तपाईंको पहिलो अपोइन्टमेन्ट निर्धारण गर्ने**




- ➢ स्वागत पृष्ठमा र अर्को स्क्रीनमा **अपोइन्टमेन्ट सिर्जना/व्यवस्थित गर्नुहोस्** लाई क्लिक गर्नुहोस्, स्क्रिनको माथिल्लो दायाँ कुनामा रहेको **अपोइन्टमेन्टहरू निर्धारण गर्नुहोस्** मा क्लिक गर्नुहोस्
- ➢ **पहिलो**को रूपमा आफ्नो **मात्राको प्रकार** चयन गर्नुहोस्।
- ➢ अर्को, तपाईंको इच्छित दायरा भित्र क्लिनिकहरूका लागि खोज्न आफ्नो **ठेगाना** वा **जिप कोड** प्रविष्ट गर्नुहोस्। तपाईंको खोज मापदण्डमा मिल्ने क्लिकहरूको सूची देखा पर्नेछन्; एउटा चयन गर्नुहोस् र यस स्थानमा उपलब्ध भएका अपोइन्टमेन्टहरू हेर्नको लागि **उपलब्धता हेर्नुहोस्** मा क्लिक गर्नुहोस्।




- ➢ तपाईंको इच्छित क्लिनिकलाई चयन गरिसकेपछि, इच्छित मिति र समय स्लटलाई छनोट गर्नुहोस्। यदि त्यहाँ समय स्लटहरू उपलब्ध नभएमा, कृपया अर्को मिति जाँच गर्नुहोस्। तपाईंको इच्छित समय स्लटलाई चयन गरिसकेपछि, **पेश गर्नुहोस्** मा क्लिक गर्नुहोस्।
    - ○ यदि तपाईंले विभिन्न क्लिकमा उपलब्ध अपोइन्टमेन्टहरू हेर्न चाहनुहुन्छ भने, स्क्रिनको शीर्ष बायाँतिरको क्लिकसम्बन्धी जानकारी मुनि रहेको **परिवर्तन गर्नुहोस्** मा क्लिक गर्नुहोस्।
    - ○ यदि तपाईंले आफ्नो अपोइन्टमेन्ट विवरणहरूलाई परिवर्तन गर्न चाहेमा, **अपोइन्टमेन्ट रद्द गर्नुहोस्** वा **अपोइन्टमेन्ट पुन: निर्धारण गर्नुहोस्** मा क्लिक

गर्नुहोस्। अपोइन्टमेन्ट **पुन: निर्धारण गर्नुहोस्** मा क्लिक गर्नाले तपाईंलाई तपाईंले आफ्नो मात्राको प्रकार छनोट गर्ने स्क्रिनमा फेरि ल्याउनेछ। यदि तपाईंले आफ्नो अपोइन्टमेन्ट पुन: निर्धारण गर्नको लागि छनोट गर्नुहुन्छ भने, तपाईंको नयाँ मिति/समय पुष्टि भएपछि मात्र तपाईंको स्थित अपोइन्टमेन्टलाई रद्द गरिनेछ।


- तपाईंलाई तपाईंको अपोइन्टमेन्ट निर्धारण गरिएको थियो भनी पुष्टि गर्ने र अपोइन्टमेन्ट विवरणहरू र QR कोड सूचीबद्ध गर्ने पृष्ठमा लगिनेछ। तपाईंलाई तपाईंको प्रमाणीकरण ईमेलमा भएको, तपाईंको मोबाइल यन्त्रमा भएको वा प्रिन्ट गरिएको VINI QA कोड पनि आफ्नो अपोइन्टमेन्टमा ल्याउन आवश्यक पर्नेछ।
- तपाईं कुन चरण अन्तर्गत योग्य हुनुहुन्छ भन्ने कुरामा निर्भर रहेर, कृपया तपाईंले आफ्नो अपोइन्टमेन्टको लागि ल्याउनुपर्ने कुराहरूका लागि पनि तलको सूचीमा सन्दर्भ गर्नुहोस्:
  - **चरण 1A:** रोजगारदाताबाट आईडी वा नाम/ठेगाना र सवारी चालकको इजाजतपत्र वा गैर-सवारी चालक आइडी कार्डका साथ भुक्तानी विवरण
  - **चरण 1B:** *निम्न मध्ये एक गर्नुहोस्:*
    - मान्य, मिति समाप्त नभएको NH सवारी चालकको अनुमतिपत्र वा गैर-सवारी चालक आइडी कार्ड।
    - पछिल्लो 60 दिनभित्र मिति लेखिएको, व्यक्तिगत कानूनी न्यू ह्याम्पशायर ठेगाना देखाउने पेरोल चेक, पेरोल कागजात वा रोजगारका करार
    - पछिल्लो 60 दिनभित्र मिति लेखिएको, व्यक्तिगत कानूनी न्यू ह्याम्पशायर ठेगाना देखाउने सरकारद्वारा जारी गरिएको भुक्तानी (जस्तै, सामाजिक सुरक्षा)

- **चरण 2A:** मान्य, मिति समाप्त नभएको NH सवारी चालकको अनुमतिपत्र वा गैर-सवारी चालक आइडी कार्ड *र निम्न मध्ये एउटा गर्नुहोस्:*
  - पछिल्लो 60 दिनभित्र मिति लेखिएको, विद्यालय, बाल स्याहारसम्बन्धी सुविधा वा युवा क्याम्पमा तपाईंको रोजगार देखाउने पेरोल चेक, पेरोल कागजात वा रोजगारका करार
  - तपाईंले चरण 2A योग्यतालाई पूरा गर्नुहुन्छ भनी दर्शाउने विद्यालय, बाल स्याहारसम्बन्धी सुविधा वा युवा क्याम्प लेटरहेडमा पत्र
  - विद्यालय, बाल स्याहारसम्बन्धी सुविधा वा युवा क्याम्पद्वारा जारी गरिएको फोटो पहिचान कार्ड
- **चरण 2B:** *निम्न मध्ये एक गर्नुहोस्:*
  - मान्य, मिति समाप्त नभएको NH सवारी चालकको अनुमतिपत्र वा गैर-सवारी चालक आइडी कार्ड
  - पछिल्लो 60 दिनभित्र मिति लेखिएको, व्यक्तिगत कानूनी न्यू ह्याम्पशायर ठेगाना देखाउने पेरोल चेक, पेरोल कागजात वा रोजगारका करार
  - पछिल्लो 60 दिनभित्र मिति लेखिएको, व्यक्तिगत कानूनी न्यू ह्याम्पशायर ठेगाना देखाउने सरकारद्वारा जारी गरिएको भुक्तानी (जस्तै, सामाजिक सुरक्षा)

➢ तपाईंले समयको बचत गर्न आफ्नो अपोइन्टमेन्ट हुनु अघि भर्नुपर्ने प्रश्नावली सहित, तपाईंको अपोइन्टमेन्टको लागि आवश्यक पर्ने सबै अतिरिक्त जानकारी फलो अप इमेलहरूमा आगमन हुनेछन्।

### तपाईंको दोस्रो अपोइन्टमेन्ट निर्धारण गर्ने (आवश्यक भएमा)

यदि तपाईंले COVID-19 को दुई-सट खोप (Moderna वा Pfizer) को लागि दर्ता गर्दै हुनुहुन्छ भने, क्लिनिकको कर्मचारीले तपाईंले आफ्नो पहिलो मात्रा प्राप्त गरेपछि चेक आउटमा तपाईंको दोस्रो मात्राको अपोइन्टमेन्टलाई निर्धारण गर्न सक्नुहुन्छ। यसलाई निर्धारण गरिसकेपछि यो अपोइन्टमेन्ट तपाईंको VINI खातामा देखा पर्नेछ। तपाईंले आफ्नो दोस्रो मात्रा निर्धारण गर्न आफ्नो पहिलो मात्रा प्राप्त गरिसकेपछि आफ्नो VINI खातामा फेरि पनि लग गर्न सक्नुहुन्छ।




यदि तपाईंले आफैले आफ्नो दोस्रो अपोइन्टमेन्टहरू निर्धारण गर्ने छनोट गर्नुहुन्छ भने, आफ्नो VINI खातामा लग गर्नुहोस् र **मेरो अपोइन्टमेन्टहरू सिर्जना र छनोट गर्नुहोस्** लाई छनोट गर्नुहोस् र अपोइन्टमेन्ट निर्धारण गर्नुहोस् मा क्लिक गर्नुहोस्। **दोस्रो**को रूपमा आफ्नो 1 **मात्राको प्रकार** चयन गर्नुहोस्। यदि प्रणालीले तपाईंको जानकारी पहिचान गर्दैन भने, VINI ले तपाईंलाई तपाईंको 2 **मात्रा 1 प्रशासन मिती** र 3 **उत्पादकको नाम** चयन गर्नको लागि अनुरोध गर्नेछ। यदि प्रणालीले तपाईंको जानकारी पहिचान गरेमा, यसले यस जानकारीलाई पूर्ण-गिन्ती गर्नेछ। तपाईंको पहिलो मात्रामा भए जस्तै समान खोप उत्पादक भएको अपोइन्टमेन्ट स्लटहरू मात्र तपाईंको खोजमा देखा पर्नेछन्। आवश्यक परेमा, तपाईं आफ्नो दोस्रो अपोइन्टमेन्ट कहिले निर्धारण गर्न योग्य हुनुहुन्छ भन्ने विवरणहरूको लागि तल हेर्नुहोस्।

| पहिलो अपोइन्टमेन्ट | | दोस्रो अपोइन्टमेन्ट |
|---|---|---|
| तपाईंले **मार्च 1st, 2021** मा मोडेर्ना (Moderna) COVID-19 को खोपका साथ आफ्नो पहिलो अपोइन्टमेन्ट क्लिनिकमा निर्धारण गर्नुहुन्छ। | 28 दिन | तपाईंले आफ्नो पहिलो खोप प्राप्त गरिसकेपछि, प्रणालीले **मार्च 29th, 2021** मा वा पछि तपाईंको दोस्रो अपोइन्टमेन्ट निर्धारण गर्नको लागि तपाईंलाई अनुमति दिन्छ। |
| तपाईंले आफ्नो पहिलो खोप प्राप्त गरिसकेपछि, प्रणालीले **मार्च 29th, 2021** मा वा पछि तपाईंको दोस्रो अपोइन्टमेन्ट | 21 दिन | तपाईंले आफ्नो पहिलो खोप प्राप्त गरिसकेपछि, प्रणालीले **मार्च 22nd, 2021** मा वा पछि तपाईंको दोस्रो अपोइन्टमेन्ट |

| | |
|---|---|
| निर्धारण गर्नको लागि तपाईंलाई अनुमति दिन्छ। | निर्धारण गर्नको लागि तपाईंलाई अनुमति दिन्छ। |
| तपाईंले आफ्नो पहिलो खोप प्राप्त गरिसकेपछि, प्रणालीले मार्च 22nd, 2021 मा वा पछि तपाईंको दोस्रो अपोइन्टमेन्ट निर्धारण गर्नको लागि तपाईंलाई अनुमति दिन्छ। | जोन्सन एण्ड जोनसन COVID-19 को खोपहरूलाई दोस्रो मात्रा आवश्यक नभएको हुनाले, थप कुनै पनि कदम चाल्नु पर्दैन। |

- यदि तपाईंले आफ्नो दोस्रो मात्राको अपोइन्टमेन्टलाई परिवर्तन वा रद्द गर्न चाहनुहुन्छ भने, तपाईंले आफ्नो खाता पहुँच गर्न सक्नुहुन्छ, **अपोइन्टमेन्ट सिर्जना/व्यवस्थित गर्नुहोस्** मा क्लिक गर्नुहोस् र नयाँ अपोइन्टमेन्ट बुक गर्नुहोस्।

**बधाई छ – तपाईंले आफ्नो COVID-19 खोपको लागि अपोइन्टमेन्ट बुक गर्नुभएको छ!**

**यदि तपाईंसँग यस प्रक्रिया अवधिभर कुनै पनि प्रश्नहरू छन् भने, कृपया सहयोगको लागि 2-1-1 मा डायल गर्नुहोस्।**